# एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)
## Unified Communist Party of Nepal (Maoist)
## केन्द्रीय समिति
## Central Committee

प.सं. :-
च.नं. :-

# प्रेस-वक्तव्य

यही पुस २८ गते बेलुकी बाराको नितनपुर चोकमा सशस्त्र आततायीहरूको एक जत्थाले एकीकृत ने.क.पा.(माओवादी)का भोजपुरा राज्यसमिति सदस्य क. राजेश मण्डलको गोली हानी कायरतापूर्ण हत्या गरेका छन् । पर्सा जिल्लाको लालपर्सा निवासी ३२ वर्षीय क. मण्डलको ढाडमा र दाहिने आँखामा गरी दुई राउण्ड गोली लागेको छ ।

एकीकृत ने.क.पा.(माओवादी) उक्त हत्याको घोर निन्दा एवं भर्त्सना गर्दछ, अविलम्ब निष्पक्ष छानबिन गरी हत्याराहरूमाथि कारबाही चलाउन र मृतक क. मण्डललाई शहीद घोषणा गरी पीडितका परिवारलाई क्षतिपूर्ति प्रदान गर्न राज्यसँग माग गर्दछ ।

एकीकृत ने.क.पा.(माओवादी) मृतक क. मण्डलको परिवारलाई हार्दिक समवेदना प्रकट गर्दछ । हाम्रो पार्टी यो शोकको घडीमा पीडित परिवारजनलाई धैर्यधारण गर्ने शक्ति मिलोस् भनी कामना गर्दछ । साथै शोकलाई शक्तिमा बदल्न सम्पूर्ण शोकसन्तप्त आफन्तजन र पार्टीपंक्तिमा विशेष अनुरोध गर्दछ ।

हाम्रो पार्टीको नेतृत्वमा राष्ट्रिय स्वाधीनता, नागरिक सर्वोच्चता, नयाँ संविधान निर्माण र शान्तिका लागि चौथो चरणको संघर्ष अगाडि बढ्दै गर्दा हाम्रा शीर्ष नेताहरू सीमानिरीक्षणमा निस्किएको समय पारी यो प्रकारको हत्या हुनुलाई संयोगमात्रै मान्न सकिन्छ । केही समययता विशेषगरी तराईमा हाम्रो पार्टीका नेता कार्यकर्तामाथि बढेको आक्रमण ठूलै शक्तिकेन्द्रको इशारामा उनीहरूले नै तयार गरेका प्रतिक्रान्तिकारी हत्यारा गिरोहबाट गराइएको कुरामा कुनै शंका छैन ।

एक हप्ता पहिलेमात्रै बाराको गञ्जभवानीपुरमा भएको अर्को एक गोलीकाण्डमा हाम्रा तीनजना कमरेडहरू मारिनुभएको थियो । यसैबीच देशव्यापीरूपमा एमालेको युथफोर्सले हाम्रा कार्यकर्तामाथि सांघातिक हमलाको अभियान नै छेडेको छ । तर, अहिलेसम्म कुनै पनि हत्याकाण्ड वा हमलाको अभियोगमा कसैमाथि कारबाही नचलाइनुले गृहप्रशासनको नालायकीलाई मात्र स्पष्ट गरेको छैन यसले गृहमन्त्रीको नियतमाथि नै गम्भीर आशंका पैदा गरेको छ । कतै अपराधीहरूले गृहमन्त्रीबाटै संरक्षण पाइरहेका त छैनन् र कतै कठपुतली सरकारको पनि ती हत्याहरूमा मिलेमतो पो छ कि भन्ने प्रश्न पनि उठेका छन् । यदि क्रान्तिकारी जनसमुदाय, नेता-कार्यकर्तामाथि यस्ता प्रकारका आक्रमण नरोकिएमा हामी अझ उच्च प्रकारको प्रतिरोधमा उत्रन बाध्य हुने र त्यसको जवाफदेही कठपुतली सरकार नै हुने पनि यसै वक्तव्यमार्फत् जानकारी गराउँछौं ।

*२०६६ पुस २९ गते*

**दीनानाथ शर्मा**
**प्रवक्ता**

Parisdanda, Koteshwor, Kathmandu Phone :- 01-4602290 , 4602288 Fax :- 01-4602289 e-mail :- ucpnm.chq@gmail.com